☎ ०७१-५६०२३

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६/प्रशासन
च.नं. ११६३

मितिः २०७५/०८/०७

विषयः सिफारिस सम्बन्धमा ।

श्री गौतम बुद्ध सामुदायिक स्वास्थ्य संस्था
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा तहाँ संस्थाको मिति २०७५/०८/०३ च.नं. ३५/०७५/०७६ को पत्र मिति २०७५/०८/०५ गते बसेको नगर कार्यपालिकाको बैठक संख्या १२/०७५/०७६(४८) मा पेश हुँदा देहाय बमोजिमको निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

१. तिलोत्तमा नगरपालिका वडा नं. ४ मा रहेको कि.नं. ६४ को पर्ती जग्गा ८-५-१९ र सो संग जोडिएको पर्ती जग्गा समेत गरी जम्मा क्षेत्रफल १०-०-० (दश विगाह) जग्गा लिजमा उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।
२. स्वास्थ्य संस्थाले स्थानीय नागरिकलाई रोजगारी र अस्पताल सेवामा उच्च प्राथमिकता दिनुपर्ने।
३. अस्पताल संचालक समितिमा नगर/वडाको सहभागिता अनिवार्य हुनुपर्ने ।
४. उक्त जग्गाको दक्षिण तर्फ वडा नं. ६ संग जोडिएको सडक १०० फिट, पश्चिम तर्फ तिनाउ नदी वहाव क्षेत्रका अतिरिक्त १०० फिट र पूर्व तर्फ उत्तरदक्षिण सडक हुने गरी ४३ फिटको सडक क्षेत्र कायम गर्नुपर्ने।
५. नगरपालिका भित्रका अति विपन्न र गरिब नागरिकको उपचार सेवामा नगरपालिकाको सिफारिसमा अधिकतम छुट उपलब्ध गराउनु पर्ने ।
६. स्वास्थ्य संस्थाको प्रयोगको लागि सिफारिस गरिने जग्गा व्यवस्थापन र प्रयोग सम्बन्धी अन्य शर्तहरु नगरपालिकाले तोके बमोजिम हुने ।

नोटः सिफारिस गरिएको जग्गाको विवरण पाना-३ (तीन) यसै पत्र साथ संलग्न छ ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थः

- श्री प्रमुख/उपप्रमुखज्यूको सचिवालय तिलोत्तमा न.पा., रुपन्देही ।
- स्वास्थ्य/नक्सा शाखा, तिलोत्तमा न.पा., रुपन्देही
- श्री सूचना प्रविधि उपशाखा, तिलोत्तमा न.पा., रुपन्देही : कार्यालयको वेवसाईटमा अपलोड गर्ने।

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल, फोन नं. ०७१-५६०२३०, फ्याक्स ..........
इ-मेलः tilottamamun@gmail.com, वेभसाइटः www.tilottamamun.gov.np